# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री यादवकान्त सिलवाल दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सातौं शिखर सम्मेलनको सन्दर्भमा बंगलादेशको राजधानी ढाकामा आयोजना हुने स्थायी समिति (Standing Committee) को बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएको हुँदा सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका शिष्टाचार महापाल श्री केशवराज झालाई मिति २०४६।८।२१ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४६।७।२१ को निर्णयानुसार श्री गेहेन्द्रनाथ अधिकारीलाई बढीमा २ वर्षका लागि महालेखा नियन्त्रकको पदमा काम गर्ने गरी करारमा नियुक्त गरेको छ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४६।८।१८ को निर्णय अनुसार महालेखा परीक्षकले यस विभागको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखा परीक्षक पदमा श्री यादवरञ्जन बराललाई मिति २०४६।८।२३ देखि बढीमा २ वर्षका लागि करारमा नियुक्ति गरेको छ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
निर्देशक

६४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### श्री ५ को सरकार
## गृह मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्र.जि.अ. श्री चन्द्रबहादुर कार्की गाडी दुर्घटनामा पर्नु भएकोले उहाँ कार्यालयमा हाजिर नभएसम्म वा अर्को व्यवस्था नभएसम्मको लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री वीरेन्द्रमान अमात्यलाई मिति २०४६।७।१३ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, मोरङका प्र.जि.अ श्री खेमराज रेग्मी सरुवा भएको कार्यालयमा हाजिर हुन जान रमाना भएको मिति देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि उक्त प्र.जि अ पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला विकास समिति मोरङका का. मु. स्था. वि. अ. श्री बिनोद ज्ञवालीलाई मिति २०४६।७।३० को निर्णयानुसार का.मु मुकरर गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले केन्द्रीय कारागार अस्पताल तथा प्रहरी सर्जन कार्यालयका प्रहरी सर्जन डा. श्री गोकुलदास श्रेष्ठ प्रहरी सर्जन पदबाट अवकाश हुनु भएकोले उक्त सर्जन पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४६।८।२ को निर्णयानुसार सोही कार्यालयका सि. मे. अ. श्री बिजयलाल श्रेष्ठलाई का.मु. मुकरर गरेको छ ।

### सूचना ४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्र. जि. अ. श्री पद्मप्रसाद उपाध्याय सरुवा भएको कार्यालयमा हाजिर हुन जान रमाना भएको मितिदेखि लागू हुने गरी उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका व.प्र.अ. श्री आत्माराम पाण्डेलाई मिति २०४६।७।३० को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्र. जि. अ. श्री शुशिलकान्त झा सरुवा भएको कार्यालयमा हाजिर हुन जान रमाना भएको मितिदेखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयका रा. प. द्वि. श्रेणी उपसचिवस्तरका अधिकृत श्री रामेश्वरप्रसाद घिमिरेलाई मिति २०४९।७।३० को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, मनाङका प्र. जि. अ. श्री सुवर्णलाल श्रेष्ठ मन्त्रालयमा काजमा आउनु भएकोले उहाँ मन्त्रालयबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४९।८।२० गतेदेखि लागू हुने गरी जिल्ला प्रशासन कार्यालय लमजुङका प्र. अ. श्री कृष्णराज त्रिपाठीलाई मिति २०४९।८।१२ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङका प्र जि. अ. श्री मानप्रसाद प्रधान मन्त्रालयमा काजमा आउनु भएकोले उहाँ मन्त्रालयबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि उक्त प्र. जि. अ. पदमा नि से नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४९।८।२१ देखि लागू हुने गरी सोही कार्यालयका प्र. अ. श्री मोहनप्रसाद बाग्लेलाई मिति २०४९।८।१२ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना ८

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्र. जि. अ. श्री रामरतन मिश्र क्रिया बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला प्रशानस कार्यालय बाग्लुङका प्र. अ. श्री शेषकान्त शर्मालाई मिति २०४९।८।१४ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।



५७०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

श्री ५ को सरकारको मिति २०४६।८।१६ को निर्णयानुसार रा.प.तृ. श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि.नं. | नाम, थर | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री नारदमणि काफ्ले | प्र.अ., जिल्ला प्रशासन कार्यालय, बाजुरा | प्र.अ., जिल्ला प्रशासन कार्यालय, दाङ |
| २. | श्री यज्ञराज बोहरा | शा.अ., सिमा प्रशासन शाखा, दार्चुला (व्यास छाँगुरू) | शा.अ., इलाका प्रशासन शाखा, टीकापुर, कैलाली |

## सूचना १०

श्री ५ को सरकारको मिति २०४६।७।२७ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रमुख जिल्ला अधिकारी श्री श्रीकान्त रेग्मीलाई गृह मन्त्रालयको सह-सचिव पदमा सरुवा गरेको छ ।

## सूचना ११

श्री ५ को सरकारको मिति २०४६।७।३० को निर्णयानुसार रा.प.तृ.श्रेणीका निम्न अधिकृतहरूलाई देहायबमोजिम पदस्थापन गरेको छ ।

| सि.नं. | नाम, थर | साबिक पद तथा कार्यालय | पदस्थापन भएको पद तथा कार्यालय । |
|---|---|---|---|
| १. | श्री केशरबहादुर के.सी. | रा.प.तृ. श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत । | शा. अ., सिमा प्रशासन शाखा, पाँचथर । |
| २. | श्री यादवराज पाण्डे | रा.प.तृ. श्रेणी, गृह मन्त्रालय वा अन्तर्गत । | शा.अ., सिमा प्रशासन शाखा, मुस्ताङ । |

## सूचना १२

श्री ५ को सरकारको मिति २०४६।७।१४ को निर्णयानुसार गृह मन्त्रालय वा अन्तर्गतका अधिकृत] रा.प.द्वि. श्रेणी (सहायक सचिवस्तर) श्री बैकुण्ठबहादुर अधिकारीलाई वरिष्ठ प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय रौतहटमा पदस्थापन गरेको छ ।

६५१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।